जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ६९ २०८१ साल असोज २१ गते सोमबार (7 Oct. 2024 Monday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*




*यस अंक भित्र :* २ पृष्ठमा : बाढी, पहिरो र डुबानपछिको.. ३ पृष्ठमा : प्रसूति गृहमा मनोस्वास्थ्य ... ३ पृष्ठमाहमासको आक्रमणको वर्षगाँठको..

## छिन्नमस्ता मन्दिरमा आवश्यक तयारी पुरा



**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

मुलुकको प्रसिद्ध शक्तीपीठ मध्ये एक सप्तरीको छिन्नमस्ता मन्दिरमा दशैंको आवश्यक सम्पुर्ण तयारी पुरा गरिएको छ ।

छिन्नमस्ता गाउँपालिकामा अवस्थित तथा नेपाल र भारतका हिन्दु धर्मावलम्बी माझ ख्याती प्राप्त यस मन्दिरमा विषेश गरी दशैका वेला लाखौ श्रद्धालु आउने गरेका छन ।

यस पल्ट ३० लाख श्रद्धालु आउने अनुमान सहित आवश्यक तयारी पुरा भएको गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिए । गत वर्ष झण्डै २५ लाखको हाराहारीमा श्रद्धालु पुजाआजा तथा दर्शनका लागी छिन्नमस्ता भगवनी मन्दीर आएको अध्यक्ष चौधरीको भनाई छ ।

लाखौको संख्यामा आउने भक्तजनका लागी खानेपानी, शौचालय, रात विताउनका लागी उपयुक्त वासस्थल, स्वास्थ्य शिवीर, २४ सै घण्टा विद्युत सेवा, भीड व्यवस्थापन, पार्किङ्ग, मन्दिर आसपासका पसलको नियमित अनुगमन, सहज दर्शन र पुजापाठ तथा सुरक्षा लगायतको तयारी गरिएको अध्यक्ष चौधरीले जानकारी दिए ।

यस कार्यमा जिल्ला प्रशासन कार्यालय, नेपाल र सशस्त्र प्रहरी, विद्युत प्राधिकरण, जिल्ला स्वास्थ्य कार्यालय, रेडक्रस, खाद्य प्रविधी तथा गुणनियन्त्रण कार्यालय लगायत विभिन्न कार्यालय र संघ संस्थाको समेत साथ र सहयोग रहेको उनले बताए ।

अन्य दिन पनि यहाँ ठुलो संख्यामा भक्तजनहरु आउने गरेपनि दशैका वेला फुलपाती देखी टिका सम्म दैनिक लाखौको संख्यामा भक्तजनहरु आउने गरेका छन ।

## अस्पताललाई लाखौं मुल्य बराबरको प्रजनन् स्वास्थ्य सामग्री प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

गर्भवती तथा सुत्केरी महिलाको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले राजविराजस्थित गजेन्द्र नारायण सिह अस्पताललाई लाखौं मुल्य बराबरको प्रजनन् स्वास्थ्य सामग्री उपलब्ध गराइएको छ ।

युएनएफपीएको सहयोगमा ६ हजार अमेरिकी डलर (८ लाख ५० हजार नेपाली रुपैया) मुल्य बराबरको उक्त स्वास्थ्य सामाग्रि आइतबार एक कार्यक्रमबीच नेपाल रेडक्रस सोसाईटी केन्द्र र जिल्ला शाखाको समन्वयमा उपलब्ध गराइएको हो ।

अस्पताल प्राङ्गणमा आयोजित कार्यक्रमबीच उक्त सामग्री सहायक प्रमुख जिल्ला अधिकारी जीतेन्द्र कुमार यादवले अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेन्ट डा. दिलिप कुमार साहलाई हस्तान्तरण गरेका हुन् ।

उपलब्ध गराइएका प्रजनन् स्वास्थ्य सामग्रीमा ४३ कार्टुन आइ एच किट, शल्यक्रियामा प्रयोग गरिने उपकरण तथा औषधी लगायतका उपचार सामग्री रहेको नेपाल रेडक्रस

*बाँकी तीन पृष्ठमा*

## हार्दिक मंगलमय शुभकामना



विजयादशमी २०८१ को पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति तथा अमनचयनको कामना गर्दै सम्पूर्ण गाउँपालिकावासी तथा कर्मचारीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**दिनेश कुमार यादव**
अध्यक्ष

**तारणी प्रसाद यादव**
प्रमुख प्रशासकीय अधिकृत

**रूपनी गाउँ कार्यपालिकाको कार्यालय**
**रूपनी, सप्तरी**

## नेपाल पत्रकार महासंघको निर्वाचन मंसिर २८ गते गर्ने निर्णय

**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

नेपाल पत्रकार महासंघको प्रदेश तथा जिल्ला अध्यक्षहरूको राष्ट्रिय भेला मध्यपुरथिमिको बोडेमा शनिबारराति सम्पन्न भएको छ ।

भेलाले आगामी मंसिर २८ गते शुक्रबार महासंघका तीनै तहको निर्वाचन गर्ने निर्णय गरेको छ ।

नेपाल पत्रकार महसङ्घ केन्द्रीय समितिको आयोजना तथा नेपाल पत्रकार महासङ्घ भक्तपुर शाखाको व्यवस्थापनमा बोडेमा शनिबार बिहानदेखि राष्ट्रिय भेला सुरु भएको थियो ।

भेलाले सदस्यता विवादको सन्दर्भमा सर्वसम्मत भएका जिल्ला शाखाको सदस्यता जिल्लाको कायम गर्ने, प्रदेशले थप गरेको नामावलीलाई सर्वसम्मतले स्वीकार गर्ने निर्णय भएको महासचिव रोशन पुरीले जानकारी दिए ।

त्यस्तै सदस्यताको विवाद भएको खण्डमा केन्द्र र प्रदेशको एक-एक जना प्रतिनिधि र शाखा अध्यक्ष रहनेगरी समिति गठन गरेर सर्वसम्मतबाट विवाद टुङ्गो लगाउने निर्णय भएको महासचिव पुरीले बताए ।

उनका अनुसार आगामी कात्तिक मसान्तसम्म सदस्यता टुङ्गो लगाउने निर्णय गर्दै टुङ्गो लागेको सदस्य प्रदेशले केन्द्र पठाउने र केन्द्रले अभिलेख राख्ने निर्णय भएको छ ।

*बाँकी तीन पृष्ठमा*

## वैदेशिक रोजगारमा जाँदा ध्यान दिनुपर्ने कुराहरू

- जान चाहेको देशको भाषा, कानून र त्यहाँको संस्कृतिको आधारभूत जानकारी राखौं ।
- वैदेशिक रोजगारमा जाँदा प्रचलित कानूनबमोजिम श्रम स्वीकृति लिएर मात्र जाऔं ।
- नेपालको वैदेशिक रोजगारसम्बन्धी कानूनहरूको आधारभूत जानकारी राखौं ।
- सीप सिकेर मात्रै वैदेशिक रोजगारीमा जाऔं ।
- वैदेशिक रोजगारमा जानुअघि रोजगारदाता कम्पनिले दिने सेवा, सुविधा र लाग्ने खर्च यकिन गरेर मात्रै जाऔं ।
- वैदेशिक रोजगारमा जाँदा भिजिट भिसामा नभई रोजगार भिसामा जाऔं ।
- वैदेशिक रोजगारमा हुने ठगीबाट बच्न बिचौलियाबाट सजग रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सुर्तीजन्य पदार्थप्रति गम्भिर बनौं

अहिले मुलुकमा सूर्तीजन्य पदार्थको बढेको बढैछ । सूर्तीजन्य पदार्थको सेवनकर्ताको पहिलो रोजाईमा युवावर्ग छन् । त्यसबाहेक दोश्रोमा विद्यालयका कलिला छात्रहरु छन् । जुन चिन्ताको गम्भिर विषय पनि हो । युवा र बालबालिकालाई यस हानिकारक सूर्तीजन्य पदार्थको सेवनकर्ताको रुपमा बढीरहेकोमा यसप्रति सचेत हुनु आवश्यक छ ।

यसका लागि सरकारी तथा गैरसरकारी तवरबाट अनेकन प्रयासहरु नभएका होइनन् । कतिपय विज्ञहरुले सूर्तीजन्य पदार्थमा धेरै मात्रामा कर वृद्धि गरियो भने यसको सेवनमा कमी आउँछ । तर, समस्याको समाधान यसले मात्र गर्न सकिदैन । सरकारले कानून बनाए पनि हरेक उमेर समूहका व्यक्तिले सहज रुपमा सूर्तीजन्य पदार्थ किन्न सक्दछन् । जसले गर्दा यसको सेवनकर्ताको संख्या दिनानुदिन बढ्दै गएको छ । अहिले सूर्तीजन्य पदार्थ सेवन नसर्ने रोग अन्तर्गत गम्भीर रोगका रुपमा बिकासित हुँदै गएको छ ।

हाम्रो मुलुकमा सूर्तीजन्य पदार्थहरु सामान्यजनको पहुँचमा छ । जुनसुकै पसलहरुमा पनि सूर्तीजन्य पदार्थ सजिलै किन्न पाइन्छ । नेपाल जस्तो गरीब मुलुकका जनताको कमाईको ठुलो हिस्सा सूर्तीजन्य पदार्थको खरीद र सेवनमा तथा यसका कारण गम्भीर प्रकृतिका रोग लागेपछि औषधि उपचारमा खर्च भइरहेको छ । तसर्थ यस्तो गम्भिर विषयमा तीनै तहका सरकारले एकपटक सोच्नु पर्ने बेला आएको छ भने यस्ता विषयहरुमा विद्यालयस्तरबाटै जनचेतनाका साथै निगरानी समेत बढाउनु उत्तिकै आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# बाढी, पहिरो र डुबानपछिको स्वास्थ्य जोखिम

**डा प्रकाश बुढाथोकी**
काठमाडौँ, २० असोज (रासस) ।

यही असोज ११ र १२ गतेको अविरल वर्षापछि प्रभावित जिल्ला र पालिकाका नागरिकहरुको खानपान जीवनशैली र बसोबासमा असर परेको छ । उपलब्ध आधारभूत सेवा खानेपानी, शौचालय, बत्ती, स्वास्थ्य सबै आधारभूत सेवामा असर परेको छ । तत्काल खोज, उद्धार, राहत र उपचारपछि अब महामारीको जोखिम कसरी कम गर्नेमा सबैको ध्यान जरुरी छ । प्रदूषित पानी, खाना, लामखुट्टेको वृद्धि र विकास, अस्वस्थ तथा पानीको न्यून उपलब्धता, सामूहिक विकास र भएको धनजनको क्षतिले पारेको मानसिक समस्याले सङ्क्रमण र प्रकोपको जोखिम बढाउँछ ।

मानव जीवनको सबैभन्दा ठूलो सम्पत्ति भनेको स्वास्थ्य हो । अस्वस्थ भइसकेपछि उपचार गर्ने र स्वस्थ हुने प्रयत्नभन्दा रोग लाग्न नदिनु नै सबैभन्दा बढी सुरक्षा र बुद्धिमता मानिन्छ । नेपाल खुला दिसामुक्त देश घोषणा भएको २०७६ देखि हाल चार वर्ष नाघे पनि तराईमा मैदान जाने क्रममा कमी आएको छैन । खानेपानी मन्त्रालयका अनुसार एक दशकअघि कुल ८५ प्रतिशतमाक्ष खानेपानीको पहुँच पुगेकामा हाल ९४ प्रतिशत र ७५ प्रतिशत घरमा शौचालय रहेकामा हाल ९५ प्रतिशत पुगेको छ । त्यस्तै देशभर १० प्रतिशत ढलसहितको व्यवस्थापन र प्रशोधित फोहरपानीको स्तर तीन प्रतिशतमा सिमित छ । तथापि सरसफाईजन्य सङ्क्रमणमा उल्लेखनीय कमी आएको छैन । किनभने पूर्ण सरसफाईका ५+१ विषय र सूचकहरुका कार्यान्वयन नै पूर्ण सरसफाइयुक्त हो । उक्त विषय र सूचकहरुमा चर्पीको प्रयोग, पानी प्रयोगसम्बन्धी सुरक्षित व्यवहार, साबुनपानीले हातधुने बानी (चर्पीको प्रयोग पछि, खाना बनाउनु, खानु र खुवाउनु अघि, कुनै फोहर कुरा वा बिषादी छोएपछि र बिरामी तथा बच्चाको स्याहार गर्नुअघि र पछि), खाना प्रयोगसम्बन्धी सुरक्षित व्यवहार, सफा घरआँगन र सफा वातावरण पर्दछन् ।

रोगीको मलमूत्रलाई पानीको मुहान नजिक वा जथाभावी नफाली खाल्डोभित्र पुर्नुपर्दछ । खानेकुरालाई झिँगाबाट बचाउनु पर्दछ । झिगा लागेको, बासी, सडेगलेका, नपाकेका, चिसिएको खुला स्थानका खाद्य पदार्थ खानु हुँदैन । बजारको बरफ, आइसक्रिम तथा दुग्धजन्य पदार्थ खानु हुँदैन । आफैँले बोक्रा ताछेका फलहरु मात्र खाऔँ । तातो खाना, तरकारी राम्ररी पकाएर मात्र खाऔँ । सम्भव भए दाँत माझ्दा पनि उमालेर चिसिएको पानी प्रयोग गर्नु राम्रो हुन्छ । गाजर, मूलालगायतका हरियो सलाद सङ्क्रमणमुक्त बनाएर मात्र सेवन गर्नुपर्दछ । उपलब्ध सबै तरल पदार्थहरु उमालेर मात्र प्रयोग गर्नुपर्दछ । पटकपटक र कम्तीमा खाना खानुअघि र दिसापिसाबपछि सङ्क्रमणमुक्त झोल वा साबुनले हात धुनै पर्दछ । भान्साकोठामा प्रयोग गरिने सबै सरसामान सङ्क्रमणमुक्त बनाएर मात्र प्रयोग गर्नुपर्दछ ।

**हात धुँदाका फाइदा**

झाडापखाला सबैभन्दा बढी खानेपानी र सरसफाई हात नधोएर नै हुने गर्दछ । शुद्ध खानेपानी र सरसफाईका कारण ८८ प्रतिशत झाडापखाला हुने गर्दछ, मिचीमिची साबुनपानीले हात धुँदा झाडापखाला लाग्ने दर र मृत्युदर आधा वा ४५ प्रतिशतले कम हुन जान्छ । साबुनपानीले हातधुने बानी बसाल्दा श्वासप्रश्वासजन्य सङ्क्रामक रोगहरु तथा त्यसबाट हुने मृत्यु ५० प्रतिशत कम हुन्छ । सुँडेनीले हात धोएर प्रशव गराउँदा १९ प्रतिशत तथा सुत्केरी आमाले साबुनपानीले हात धोएर नवजात शिशुको स्याहार गर्दा ४४ प्रतिशतले नवजात शिशुको मृत्युदरमा कमी आउँछ । विद्यालयमा साबुनपानीले हात धुवाउँदा बालबालिकामा लाग्ने सङ्क्रामक रोग ५० ले कम हुछ । झाडापखालालाई पानीजन्य रोग भनिए पनि हातधुने बानीले कम गर्न सकिने डब्लुएचओले जनाएको छ ।

लण्डन स्कुल अफ हाइजिनलगायतका बिभिन्न निकायहरुको खोज, अनुसन्धानमा हातधुने बानीले छातीको सङ्क्रमण, निमोनिया हुने दर, पेटमा जुका, छाला र आँखाको सङ्क्रमण समेत न्यून हुन्छ । अमेरिकाको सिडिसीका अनुसार उचित तरिकाले हात धोएर आधाजति खाद्यजन्य रोगहरु पनि कम गर्न सकिन्छ । स्कुले विद्यार्थीमा गरिएको सर्वेक्षणमा चार पटक हात धुनेमा श्वासप्रश्वास रोग २४ प्रतिशत र पेटसम्बन्धी रोग ५१ प्रतिशतले कम भएको देखिएको छ । सङ्क्रमणको कारण खानामा विषाक्त हुने, पेट दुख्ने, झाडापखाला लाग्ने, बान्ता हुने, टाउको दुख्ने तथा पेटमा अन्य रोग लाग्न सक्दछ । प्रतिरोधात्मक क्षमता कम भएका तथा दीर्घरोगीलाई तुरुन्तै असर देखिन सक्छ । बालबालिका र वृद्धाहरुमा बढी समस्या देखिने सम्भावना हुन्छ । तसथ, विपद र बाढी, पहिरो र डुबानपछि झनै हातको सरसफाइको महत्व छ ।

**लामखुट्टेजन्य रोगहरु**

अव्यवस्थित सहरीकरण, स्वास्थ्य असावधानी तथा मौसम परिवर्तनका कारण डेंगु, औलो, कालाजार, हात्तीपाइलेलगायतका किटजन्य रोग दिन प्रतिदिन बढ्दै र प्रकोपको रुप लिदैछ । जनस्वास्थ्यका दृष्टिले रोगको उपचारभन्दा नियन्त्रण महत्वपूर्ण रहन्छ । यसका लागि लामखुट्टेको बासस्थान, जीवनचक्र, सार्ने किटाणुका प्रकार, स्वरुप आदिका बारेमा गहन अनुसन्धान हुनु पर्दछ । यसैका लागि स्थापना भएको कीटजन्य रोग अनुसन्धान केन्द्र त्यत्ति प्रभावकारी रुपमा अघि बढेको देखिदैन ।

लामखुट्टेको टोकाइबाट ब्याक्टेरिया, भाइरस र परजिवीद्वारा लाग्ने छ खतरनाक रोगहरु पर्दछन । सङ्क्रमित एनोफिलिज लामखुट्टेको टोकाइले प्लाज्मोडियम परजीवीबाट लाग्ने औलो, एडिज एजिप्टाई र केही हदसम्म अल्बोपिक्टस लामखुट्टेको टोकाइबाट डेंगु ज्वरो, एडिज प्रजातिको लामखुट्टेको टोकाइबाट जिका फिवर, एडिज एजिप्टाई र अल्बोपिक्टस लामखुट्टेको टोकाइबाट चिकनगुनिया, लामखुट्टेको टोकाइबाट बुचेरीया ब्यान्क्राफ्टी, ब्रुइयामलयी, ब्रुइयाटिमोरीजस्ता परजीवीले लिम्फेटिक फिलिरियासिस र लामखुट्टेको टोकाइबाट जाप्नीज इन्सेफलाइटिस पर्दछन् । संसारभर लामखुट्टेको टोकाइबाट हरेक वर्ष १० लाखभन्दा बढी मानिसको मृत्यु हुने गरेको छ । यसको अधिकांश हिस्सा औलोले लिने गरेको छ ।

सफा पानीमा पाइने पोथी एडिस एजिप्टीले दिउँसो मात्र टोक्दा हुने डेंगु सङ्क्रमण टाइप १ बाट २ मा जाने, मृत्यु कम हुने क्लासिकबाट बढी मृत्यु हुने हेमोरेजिक र शक डेंगुमा जानसक्ने, मुलुकका केही स्थानका ठूला अस्पताल र मेडिकल कलेजमा मात्र उपलब्ध भेन्टिलेटर, जनचेतनामा कमी, रक्तसञ्चार सेवा तथा रगतको अभाव आदिले सङ्क्रमण बढे धेरै धनजनको क्षति हुनसक्छ । औलो उन्मूलन भइसकेको घोषणा गरिएको भनिए पनि नेपाल सरकार इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण केन्द्रका अनुसार नेपालका ६५ वटा जिल्ला (५२ वटा सामान्य समस्याग्रस्त र १३ अति नै प्रभावित) र ७५ प्रतिशतभन्दा बढी जनता अझैं पनि जोखिममा छन् । त्यसो त महामारी देखाउने औलो, डेंगु, इन्सेफलाइटिस्, फिलिरियालगायतका भेक्टरबर्न सङ्क्रमण लामखुट्टेको टोकाइबाट मात्र सर्दछ ।

यस्ता रोग फैलिन तथा परजीवीको विकास र जीवनचक्र पूरा हुन लामखुट्टे र मानिस नभई हुँदैन । तसर्थ रोकथामका उपाय भन्नासाथ लामखुट्टेको विकास र जीवनचक्र नाश गर्नु पर्दछ । जीवनचक्र पूरा हुन नदिन लामखुट्टेको टोकाइबाट मानिस पनि जोगिने गर्नु पर्दछ । कुनै पनि किसिमको पानी जम्ने ठाउँ हुनु हुँदैन, फोहोरलाई पुर्ने, सुकाउने, गाड्ने वा जलाउने गर्नुपर्दछ । लामखुट्टेको टोकाइबाट बच्न घरको झ्यालढोकामा मसिनो जालीको प्रयोग गर्ने, सुत्दा किटनाशक झुलको प्रयोग गर्ने, पङ्खा, एयरकुलर, एयर कण्डिसन प्रयोग गर्ने गर्नुपर्छ । जाली र झुलको व्यवस्था हुन नसक्ने ठाउँमा लामखुट्टे भगाउने धुप, झोलको प्रयोग गर्ने, घर बाहिर जाँदा शरीरको खुल्ला भागमा लामखुट्टे धपाउने मलमको प्रयोग गर्ने वा तोरीको तेल, निमको तेल वा लामखुट्टे रिपेलेन्ट दलेर बस्ने र सुत्ने र प्रभावित क्षेत्रमा जाँदा वा बस्दा पूरै शरीर ढाकिने गरी पूरा लामो बाहुला भएको सेतो हलुका रङको कमिज र पाइन्ट लगाउनु पर्दछ । लामखुट्टेको नाश गर्न आ-आफ्नो घरगोठमा कीटनाशक औषधि छर्कने, औषधि छर्केको तीनदेखि छ महिनामासम्म लामखुट्टे मर्ने भएकाले किटनाशक छर्केको भित्तामा कम्तिमा तीन महिनासम्म लिपपोत नगर्ने, किटनाशकयुक्त झुलको प्रयोग गर्ने, पानी सोस्ने रुखहरु जामुन, सिमल, मसला रोप्नुपर्छ । सडकका खाल्डाखुल्डी पुर्ने, पोखरी, इनार र कुलोको वरिपरीको घाँसपात सफा गर्ने, मट्टितेल, डिजल, डिडिटी मालाथियन, क्लोडिन, डेल्ड्रिन छर्कने, जमेको पानीलाई बग्नदिने गर्नु पर्दछ । लामखुट्टेको बच्चा विनाश गर्न लामखुट्टेले विशेषगरी जमेको पानीमा फुल पार्ने र प्रजनन् गर्ने भएकाले त्यस्ता खाल्डा तुरुन्त पुरिदिएमा वा सात दिनभित्र सुकाउने, जमेको पानीलाई बगाइदिने गर्दा फुल र लार्भाहरु मर्दछन् । गाउँका पोखरी, दह, तलाउ, नाला र खाल्डामा लामखुट्टेको लार्भा खाने माछा पाल्ने, घर वरिपरि जमेको पानीमा मट्टितेल, डिजल, डिडिटी छर्कने, जामुन, सिमल, मसलाजस्ता पानी सोस्ने रुखहरु पानी जम्ने ठाउँमा रोप्ने गर्दा पनि बच्न सकिन्छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रतिकार्यमा प्रभावित प्रदेश, जिल्ला र स्थानीय तहसँगको सहकार्य, समन्वयमा स्थानीय तहका द्रुत प्रतिकार्य टोली परिचालन, नियमित केस अनुसन्धान, प्रभावित स्थानमा थप सक्रिय बिरामीको खोजी, सम्पर्कमा रहेकाहरुको लक्षणको निगरानी तथा स्वास्थ्य शिक्षाका सामग्रीहरु तयार र प्रशारण गरिरहेको छ । निगरानीअन्तर्गत झाडापखालाका बिरामीहरुको एक सय ४४ अस्पतालमा नियमित रुपमा हैजाको निगरानी, खानेपानीको गुणस्तरमा निगरानी, एउटै टोलमा एक हप्तामा पाँच जना बढीमा झाडापखालाका बिरामी देखिएमा टोल फ्री हटलाइन नम्बर १११५ मा सम्पर्क गर्न सकिने व्यवस्था गरेको छ । बिरामी देखिएका स्थानहरुमा खानेपानीको नमुना जाँच, खानेपानीको शुद्धीकरण तथा व्यक्तिगत सरसफाईका जनचेतनामूलक कार्यक्रम सञ्चालन, खानेपानी शुद्धीकरणजस्त कार्यहरु स्थानीय तह र विकास साझेदारसँगको समन्वयमा भइरहेको छ । खानेपानी गुणस्तर समितिलाई सक्रिय बनाइएको छ । आवश्यकतानुसार विज्ञ परिचालन र अन्तरमन्त्रालय, प्रदेश, तह एकिकृत समन्वय तथा सहकार्य गर्दछ । एकिकृत पानीजन्य स्वास्थ्य प्रकोप नियन्त्रण गर्न स्वास्थ्य मन्त्रालय र खानेपानी मन्त्रालयका सहसचिवको नेतृत्वमा सात सदस्यीय समिति बनेको छ ।

**स्वास्थ्य संस्थाभित्र पनि बाढी**

असोज ११ र १२ गतेको

*बाँकी तीन पृष्ठमा*

# प्रसूति गृहमा मनोस्वास्थ्य ओपिडी र 'न्यु बर्न स्क्रिनिङ' सेवा सुरु

काठमाडौँ, २० असोज (रासस) ।

परोपकार प्रसूति तथास्त्री रोग अस्पतालमा दुई नयाँ सेवा सुरु भएको छ ।

अस्पतालले गर्भवती तथा सुत्केरीका लागि मानसिक स्वास्थ्य सेवाको ओपिडी र नवजात शिशुमा वंशाणुगत रोग पत्ता लगाउन 'न्यु बर्न स्क्रिनिङ' सेवा सुरु गरेको हो ।

आइतबारबाट सुरु भएको सेवाको शुभारम्भ गर्दै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलले अनिवार्य रुपमा दिनुपर्ने दुई सेवा अस्पतालले सुरुवात गर्नु राम्रो पक्ष रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "मनोस्वास्थ्य ओपिडीले गर्भवती तथा महिलालाई सहयोग पुऱ्याउनेछ । नवजात शिशुहरुको परीक्षण सेवा पनि अत्यावश्यक सेवा हो", मन्त्री पौडेलले यी सेवा व्यवस्थापनका लागि आवश्यक साधन स्रोतको व्यवस्थापनमा कमी हुन नदिने आश्वस्त पार्नुभयो ।

अस्पतालका निर्देशक डा निर्देशक श्रीप्रसाद अधिकारीले गर्भधारण गरेका वा सुत्केरीमा समस्याको जोखिम बढी भएकाले मनोस्वास्थ्य ओपिडि सेवा सुरु गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "गर्भवती तथा सुत्केरी अवस्थामा हुने मानसिक स्वास्थ्य समस्याहरुले महिलाको मात्रै नभएर बच्चाको समेत शारीरिक, मानसिक र भावनात्मक वृद्धि विकासमा नकरात्मक असर पर्छ । यस्तो अवस्थामा देखिने समस्यालाई समयमै पहिचान गर्न सकिएमा समाधान गर्न सकिन्छ ।"

डा अधिकारीले नवजात शिशुमा हुनसक्ने 'मेटाबोलिक डिसअर्डर' पहिचान गरी समयमै उपचार गर्न र नवजात शिशुको मृत्युदर घटाउनका लागि सेवा सुरु गरिएको बताउनुभयो । अस्पतालले गत साउनदेखि हालसम्म २०५ जना शिशुहरुमा यो परीक्षण गरिसकेको छ ।

नवजात शिशु जन्मेको केही दिनभित्र गरिने 'ब्लड स्पट टेस्ट'लाई 'न्यु बर्न स्क्रिनिङ टेस्ट' भनिन्छ । उक्त जाँचबाट नवजात शिशुमा हुनसक्ने विभिन्न प्रकारका वंशाणुगत समस्या पत्ता लगाउन सकिन्छ ।

उक्त परीक्षणबाट हाल छ वटा वंशाणुगत रोगहरु पहिचान गर्न सकिने र भविष्यमा थप साधन स्रोत थपेर अरु रोगका लागि पनि सेवा सञ्चालन गर्ने लक्ष्य छ । परीक्षणमा पोजिटिभ आएका शिशुका लागि तुरुन्त आवश्यक उपचार सुरु गरिनेछ ।

### बाढी, पहिरो र ...

अविरल वर्षापछि देशभरका ५७ वटा स्वास्थ्य संस्थाहरुमा क्षति पुगेको छ । यसमा पाँच वटामा पूरै क्षति भएकाले अस्थायी पाल वा टहराबाट आधारभूत सेवा प्रदान गरिरहेका छन् । स्वास्थ्य संस्थामा बाढी पसेपछि र डुवानमा परेपछि किटाणुयुक्त भएकाले ज्ञात अज्ञात सङ्क्रमण फैलने जोखिम छ । पानी जम्मा रहँदा डेंगीलगायत किटजन्य सङ्क्रमण बढ्नसक्छ, लेप्टोस्पाइरोसिस हुनसक्छ । काठमाडौँका धेरै अस्पतालहरुमा बाढीको हिलाम्यै पानी पसेको सम्भवत पहिलो पटक हो । यसले उपचाररत बिरामीलाई भिन्दै अस्पतालमा सार्नु परेको थियो भने उपचारका लागि जानेमा समेत प्रभाव पारेको छ । ती अस्पताललाई सङ्क्रमणरहित बनाउनुपर्ने पहिलो आवश्यकता छ । घरवारविहिन बालबालिका, गर्भवती महिला र दीर्घरोगी जेष्ठ नागरिकहरु सबैभन्दा बढी प्रभावित र जोखिममा छन् । सङ्क्रमणयुक्त स्वास्थ्य संस्थाहरुबाट सङ्क्रामक रोगहरुको उच्च जोखिम रहन्छ, जसलाई हस्पिटल एक्वाइरड अर्थात नोसोकोमियल इन्फेक्सन भनिन्छ । यस्तो समय अस्पतालमा हुने सङ्क्रमण नियन्त्रण इकाई सक्रिय हुन जरुरी हुन्छ ।

जुनसुकै स्रोत र मुहानको पानी भए पनि उमालेको वा क्लोरिन/आयोडिनले उपचार गरिएको पानी मात्र प्रयोग गर्नु पर्दछ । क्याण्डिल फिल्टरले रोग उत्पन्न गर्ने किटाणु छान्न नसक्ने भएकाले पानी उमालेर प्रयोग गर्नुपर्छ । पाँच मिनेटसम्म उमालेर सफा भाडोमा चिसो पारेर राखेको पानी मात्र सेवन गर्नु पर्दछ । शुद्ध खाना, खानेपानी, पर्याप्त सरसफाई, व्यक्तिगत स्वच्छता नै हैजालगायतका खाना र पानीजन्य सङ्क्रमणबाट बचाउ गर्ने उपाय हुन् । स्वास्थ्य, शिक्षा र खाद्य सुरक्षा पनि उत्तिकै महत्वपूर्ण कारक हुन् । तथ्याङ्कअनुसार सरसफाईमा सुधारले झाडापखालाले हुने मृत्यु ३२ प्रतिशतसम्म कम गर्न सकिन्छ । खानेपानीको गुणस्तरमा सुधारले २५ प्रतिशतसम्म मृत्युदर कम गर्न सकिन्छ । स्वच्छ पानी, सरसफाई, व्यक्तिगत स्वच्छता तथा हात धुनेजस्ता स्वास्थ्य शिक्षामार्फत झाडापखाला ४५ प्रतिशतसम्म कम गर्न सकिन्छ । खानेपानीलाई क्लोरीनेसन गरेर शुद्ध बनाउँदा झाडापखाला ३९ प्रतिशतसम्म कम गर्न सकिने विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ ।

अन्तमा, झाडापखालाजन्य रोगहरु, हैजा, जण्डिस, आउँ, टाइफाइड, झाडापखाला, बान्ता, पेटका रोग, श्वासनलीका रोग, सार्स, घाँटीको सङ्क्रमण, हेपाटाइटिस ए र ई, जुका, टाइफुरियोसिस, आँखापाक्ने, ट्रकोमा, निमोनिया, रुघाखोकी, फ्लु, स्वाइनफ्लु, बर्डफ्लु, क्षयरोग, छालाजन्य सङ्क्रमण र रोगलगायतका निकै सङ्क्रामक रोगहरु र ८० प्रतिशतभन्दा बढी रोगहरु पनि साबुनपानीले हात धुँदा रोक्न सकिन्छ । मिचीमिची साबुनपानीले हात धुँदा किटाणु, चिल्लोपना र फोहर टुँकिन्छ र हात मिच्न, घर्षण गराउन, सजिलो, सफा सुगन्धले प्रोत्साहन दिन्छ । पानीको सेवन उमालेर मात्र प्रयोग गर्ने तथा पूरा बाहुला भएका कपडा लगाउने, झुलमा सुत्नेजस्ता काम गर्दा पनि लामखुट्टेजन्य रोगहरुबाट बच्न सकिन्छ । हात धुन सम्भव नभएमा दुई हातलाई आपसमा मज्जाले रगडेमा पनि किटाणु मर्दछन् । नेपालीहरुमा युरोपेली र अमेरिकीभन्दा रोग प्रतिरोधात्मक शक्ति बढी छ भन्दैमा जे पायो त्यही र जहाँ पायो त्यही जसरी पनि खानेलाई रोगले छाड्दैन । रोगलाई प्राविधिक, आर्थिक, सामाजिक र राजनीतिक रुपमा बहुक्षेत्रीय सम्बोधन गरिनुपर्दछ । (लेखक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता एवं नेपाल चिकित्सक सङ्घका केन्द्रीय उपाध्यक्ष हुनुहुन्छ)

### अस्पताललाई लाखौं ...

सोसाइटी केन्द्रिय कार्यालयका कार्यक्रम संयोजक नगेन्द्र अर्यालले जानकारी दिए ।


सो अवसरमा नेपाल रेडक्रस सोसाईटी केन्द्रीय समितीका प्रभा न्यौपाने, करुणा विष्ट, रेडक्रस सप्तरी शाखाका अध्यक्ष जोगेन्द्र भगत, रेडक्रस राजविराज उपशाखाका अध्यक्ष बैद्यनाथ झाका साथै अस्पतालका कर्मचारी र स्वास्थ्यकर्मीहरुको उपस्थिती रहेको थियो ।

### नेपाल पत्रकार ...


नेपाल पत्रकार महासङ्घको सदस्यता विवादका कारण पटक-पटक तोकिएको निर्वाचनको मिति सारेर अन्योल बनेको अवस्थामा प्रदेश तथा जिल्ला अध्यक्षहरूको राष्ट्रिय भेला आयोजना गरेको हो ।

कार्यवाहक अध्यक्ष बाला अधिकारीको अध्यक्षतामा भएको भेलामा पूर्वकेन्द्रीय अध्यक्ष डा सुरेश आचार्य, डा महेन्द्र विष्ट, तारानाथ दाहाललगायत विभिन्न जिल्ला एवं प्रदेशका अध्यक्षहरूको सहभागिता थियो ।


## हार्दिक मंगलमय शुभकामना



विजयादशमी २०८१ को पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति तथा अमनचयनको कामना गर्दै सम्पूर्ण गाउँपालिकावासी तथा कर्मचारीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**दिनानाथ चौधरी**

**अध्यक्ष**

**अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय**

**सीतापुर, सप्तरी**


## विश्व समाचार

### हमासको आक्रमणको वर्षगाँठको पूर्वसन्ध्यामा इजरायल सतर्क

जेरुसेलम, २० असोज (रासस/एएफपी) ।

इजरायलले आफ्नो भूमिमा प्यालेष्टिनी इस्लामिक लडाकू समूह हमासले अक्टोबर ७ मा गरेको आक्रमणको वर्ष दिनको पूर्वसन्ध्यामा शनिबार आफ्ना सेनालाई तयारी अवस्थामा राखेको छ। इजरायली सैन्य अधिकारीले इरानले गरेको क्षेप्यास्त्र आक्रमणको बदला लिने तयारी गरिरहेको बताएका छन् ।

इजरायलले लेबनानी समूह हिजबुल्लाहसँग युद्ध चर्किरहेका बेला सैन्य प्रमुख लेफ्टिनेन्ट जनरल हर्जी हालेभीले 'कुनै छुट वा राहत बिना' आक्रमण हुने बताउनुभएको छ ।

सेनाका प्रवक्ता रियर एडमिरल डयानियल हेगारीले अगस्ट ७ को भयानक वर्षगाँठको पूर्वसन्ध्यामा टेलिभिजनमा प्रसारण गरिएको ब्रिफिङÈ é ¶ मा भन्नुभयो, "हामी यस दिनको लागि थप सेनाको साथ तयार छौं"

अक्टोबर ७ मा प्यालेस्टिनी समूहले इजरायलमाथि एक्कासी गरेको आक्रमणमा परी एक हजार २०५ जनाको मृत्यु भएको थियो । आक्रमणमा अधिकांश सर्वसाधारणको मृत्यु भएको थियो ।

एक वर्षपछि पनि गाजामा युद्ध जारी छ भने इजरायलले आफ्नो ध्यान लेबनान र इरान समर्थित हिजबुल्लाहतर्फ केन्द्रित गरेको छ ।लेबिनानको हिजबुल्लाहविरुद्ध इजरायली सेनाले 'लक्षित' कारबाही सुरु गरेयता 'जमिनी र हवाई' आक्रमणमा करिब ४४० हिजबुल्लाह लडाकू मारिएको बताएको छ ।

इजरायलले आफ्नो देशको उत्तरी क्षेत्रमा हिजबुल्लाहको रकेट आक्रमणका कारण विस्थापित भएका हजारौं नागरिकलाईस्वदेश फर्कन दिने लक्ष्य राखेको जनाएको छ ।इजरायलका राष्ट्रपति आइज्याक हर्जोगले मध्यपूर्वका सशस्त्र समूहलाई समर्थन गर्ने तेहरानले इजरायलमा करिब २०० क्षेप्यास्त्र प्रहार गरेपछि इरानबाट 'खतरा' रहेको बताउनुभएको छ ।

### गाजास्थित मस्जिदमा भएको इजरायली आक्रमणमा २१ जनाको मृत्यु

गाजा, २० (रासस/एएफपी) ।

गाजाको नागरिक सुरक्षा निकायले आइतबार मध्य देइर अल-बालाहमा रहेका एक मस्जिद परिसरमा भएको इजरायली आक्रमणमा २१ जनाको मृत्यु भएको जनाएको छ । मस्जिदलाई पछिल्लो समय विस्थापितहरूलाई राख्ने आश्रयस्थल बनाइएको थियो ।

"गाजाको मध्य क्षेत्र देइर अल-बालाहस्थित अल अक्सा शहीद अस्पतालको गेटअगाडि इजरायलले गरेको बमबारीका कारण मृत्यु हुनेको सङ्ख्या २१ पुगेको छ भने ठूलो सङ्ख्यामा घाइते भएका छन्," एजेन्सीका प्रवक्ता महमुद बसालले भन्नुभयो ।

इजरायली सेनाले एक विज्ञप्ति जारी गर्दै आक्रमणको जिम्मेवारी लिएको छ । विज्ञप्तिमा भनिएको छ, "मस्जिदमा रहेको कमाण्ड एण्ड कन्ट्रोल सेन्टरभित्र सक्रिय हमासका आतङ्कारीमाथि आक्रमण गरिएको हो ।"

### इजरायली धम्कीपछि इरानका तेलमन्त्रीद्वारा प्रमुख स्थलको भ्रमण

तेहरान, २० असोज (रासस/एएफपी) ।

इरानको तेल सुविधा जस्ता महत्त्वपूर्ण स्थललाई लक्षित गर्ने सम्भावित इजरायली हवाई आक्रमणको चिन्ताका बीच इरानका तेलमन्त्री मोहसेन पाकनेजादले आइतवार खार्ग टापूमा रहेको एउटा तेल सुविधाको भ्रमण गर्नुभएको छ ।

इरानले यस साता आफ्नो कट्टर शत्रुमाथि क्षेप्यास्त्र प्रहार गरेपछि इजरायलले 'जवाफी कारवाहीको तयारी गरिरहेको' एक इजरायली अधिकारीले बताएपछि यो भ्रमण भएको हो ।

सेप्टेम्बर २७ मा बेरुतमा भएको आक्रमणमा हिजबुल्लाहका नेता हसन नसरल्लाह र इरानी जनरल अब्बास निलफोरोसनको मृत्युको बदला लिन दुई सय क्षेप्यास्त्र प्रहार गरिएको इरानको रिभोल्युसनरी गार्ड कर्प्सले बताएको थियो ।

पाकनेजादले बिहान खार्ग टापूको तेल सुविधामा पुगेर कर्मचारीहरूसँग भेट गर्नुभएको उहाँको मन्त्रालयको समाचार एजेन्सी शानाले बताएको छ । "हामी हाम्रा शत्रुहरूले सङ्कट उत्पन्न गर्नेछन् भन्ने कुराले [¶] डराउँदैनौं र यस क्षेत्रको भ्रमण एउटा सामान्य व्यावसायिक भ्रमण हो", उहाँले सरकारी टेलिभिजनमा भन्नुभयो । खाडीमा अवस्थित खार्ग टापू इरानको सबैभन्दा ठूलो कच्चा तेल निर्यात टर्मिनल भएको स्थान हो ।

इरानले मङ्गलबार आफ्नो क्षेत्रमा गरेको क्षेप्यास्त्र आक्रमणको जवाफ तयार गरिरहेको इजरायलको घोषणापछि पाकनेजादको भ्रमण भएको हो । अमेरिकी राष्ट्रपति जो बाइडेनले बिहीबार इरानका तेल सुविधाहरूमा सम्भावित आक्रमणबारे इजरायलसँग 'छलफल गरिरहेको' बताउनुभएको थियो । उक्त भनाइपछि तेलको मूल्य बढेको थियो ।

तर शुक्रबार बाइडेनले इजरायललाई इरानका तेल सुविधाहरूमा आक्रमण नगर्न बरु 'अन्य विकल्प' खोज्न आग्रह गर्नुभएको थियो । इजरायली धम्कीपछि इरानका विदेशमन्त्री अब्बास अराघचीले शनिबार इजरायलले इरानमाथि आक्रमण गरे 'इरानबाट समानुपातिक र समान प्रतिक्रिया हुने र अझ बलियो' हुने चेतावनी दिनुभएको थियो ।

# स्थानीय तह उपनिर्वाचनका लागि २५ दल दर्ता

**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

आउँदो मंसिर १६ गते हुने हुने स्थानीय तह उपनिर्वाचनका लागि २५ राजनीतिक दल दर्ता भएका छन् ।

सरकारले उपनिर्वाचन घोषणा गरेपछि निर्वाचन आयोगले १० देखि १६ असोजसम्म दल दर्ताको समय दिएको थियो ।

त्यस अवधिमा २५ राजनीतिक दल दर्ता भएका आयोगका नारायणप्रसाद सापकोटाले जानकारी दिए । प्रमुख राजनीतिक दलहरु सबैजसो स्थानीय निर्वाचनमा भाग लिने गरी दर्ता भएका छन् ।

दर्ता भएका दलहरुमा नेपाल मजदुर किसान पार्टी, मंगोल नेशनल अर्गनाइजेशन, नेपाली कांग्रेस, जनता समाजवादी पार्टी, नेपाल, नेपाल समाजवादी पार्टी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, राष्ट्रिय प्रजातन्त्र पार्टी, आम जनता पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल, नेपाल कम्यूनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी), राष्ट्रिय स्वतन्त्र पार्टी, समावेशी समाजवादी पार्टी नेपाल, हाम्रो नेपाली पार्टी, नेपाल कम्यूनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी), राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी, नेशनल रिपब्लिक नेपाल, राष्ट्रिय जनता पार्टी नेपाल, नेपाली कांग्रेस (वी.पी.), राष्ट्रिय मातृभूमि पार्टी, जनमत पार्टी र नेपाली जनता दल रहेका छन् ।

# बाढीपहिरोमा परी दुई सय ४४ जनाको मृत्यु

काठमाडौँ, २० असोज ।

हालैको बाढीपहिरामा परी हालसम्म दुई सय ४४ जनाको मृत्यु भएको छभने १९ जना बेपत्ता छन् । अन्य एक सय ७९ जना घाइते भएका छन् ।

गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीका अनुसार बाढीपहिरो प्रभावित क्षेत्रबाट १७ हजार एक सय ७४ जनाको उद्धार गरिएको छभने सहायता परिचालन र अवरुद्ध राजमार्गको मर्मतसम्भार गरी यातायातका साधन सञ्चालनको प्रयास जारी छ ।

"बाढीपहिरो पीडितको विवरण सङ्कलन स्थानीयस्तरबाट भइरहेको छ । त्यो प्राप्त भएपछि अस्थायी आवासका निम्ति सरकारले प्रदान गर्ने सहायता रकम वितरण हुनेछ । स्थानीय तहबाट प्रभावित परिवारलाई खाद्यान्नलगायत सहयोग प्रदान भएको छ", उहाँले भन्नुभयो ।

सरकारले जिल्ला विपद् व्यवस्थापन कोषमार्फत प्रतिमृतक रु दुई लाखका दरले निजका परिवारलाई सहायता रकम उपलब्ध गराएको छ । हालसम्म त्यस्तो सहायता एक सय ६० परिवारले पाइसकेका छन् ।

बाढीपहिरामा परी सबैभन्दा बढी काभ्रेपलाञ्चोकमा ७२ जनाको मृत्यु भएको छभने त्यहाँ हालसम्म ५९ मृतकका आफन्तलाई आर्थिक सहयोग प्रदान गरिएको प्रवक्ता तिवारीले बताउनुभयो ।

# प्रधानमन्त्री उद्धार कोषमा नेपाल बैंकको दुई करोड

काठमाडौँ २० असोज (रासस) ।

नेपाल बैंक लिमिटेडले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु दुई करोड सहयोग गरेको छ ।

नेपाल बैंक सञ्चालक समितिका अध्यक्ष डा चन्द्रबहादुर अधिकारीसहितका पदाधिकारीले प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष आइतबार उक्त चेक हस्तान्तरण गर्नुभयो । बाढी, पहिरो र डुबानका कारण प्रभावित जनताको राहतका लागि बैंकले उक्त सहयोग गरेको हो ।

सो अवसरमा प्रधानमन्त्री ओलीले धन्यवाद दिँदै लगानीकर्ता र उद्योगधन्धालाई प्रोत्साहन हुने गरी कर्जा प्रवाह गर्न र खराब कर्जाप्रति कडाइका साथ काम गर्न आग्रह गर्नुभयो । उहाँले कसैको अनुहार नहेरी प्रणाली र कानुनअनुसार काम गर्न पनि आग्रह गर्नुभयो ।

यसअघि शुक्रबार विभिन्न वित्तीय संस्थाबाट गरी रु तीन करोड ४८ लाखको चेक हस्तान्तरण भएको थियो । मन्त्रिपरिषद्को गत सोमबारको बैठकले उक्त कोषमा प्रारम्भिकरुपमा रु एक अर्ब रकम जम्मा गर्ने निर्णय गरेको थियो । कोषमा अन्य संस्था र व्यक्तिहरुबाट सहयोगको क्रम जारी छ ।

# राष्ट्रपतिद्वारा प्रधानन्यायाधीशमा राउतलाई नियुक्त

काठमाडौँ, २० असोज (रासस) ।

राष्ट्रपति रामचन्द्र पौडेलले प्रकाशमान सिंह राउतलाई प्रधानन्यायाधीश पदमा नियुक्त गर्नुभएको छ ।

राष्ट्रपतिले आइतबार नेपालको संविधानको धारा १२९ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा सर्वोच्च अदालतको वरिष्ठतम् न्यायाधीश प्रकाशमान सिंह राउतलाई नेपालको प्रधानन्यायाधीश पदमा नियुक्त गर्नुभएको हो ।

संसदीय सुनुवाइ समितिले यही असोज १६ गते प्रस्तावित प्रधानन्यायाधीश राउतको नाम सर्वसम्मत अनुमोदन गरेको थियो ।

संवैधानिक परिषद्को गत भदौ ३१ गत बसेको बैठकले प्रधानन्यायाधीशमा राउतलाई सिफारिस गर्ने निर्णय गरेको थियो । प्रधान न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको पदावधि यही असोज १९ गते सकिएपछि आइतबार राष्ट्रपतिले प्रधानन्यायाधीशमा राउतलाई नियुक्त गर्नुभएको हो ।


हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भुपेन्द्र प्रसाद यादव
अध्यक्ष, तथा
समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.
संचालक समिति परिवार
राजविराज ८, सप्तरी



हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी



हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार



हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*